आज मिति २०७५/६/४गतेका दिन यस भेरीगंगा नगरपालिकाका नगर प्रमुख श्री भुपेन्द्रबहादुर चन्दको अध्यक्षतामा कार्यपालिका बैठक बसी तपशिलको उपस्थितीमा तपशिल बमोजिमको निर्णय गरियो ।

श्री भुपेन्द्रबहादुर चन्द, नगर प्रमुख
श्री रेणु आचार्य, उप प्रमुख
श्री नवराज कार्की, वडा अध्यक्ष, वडा नं. १
श्री नन्द बहादुर बुढा, वडा अध्यक्ष, वडा नं. २
श्री जीत बहादुर सुनार, वडा अध्यक्ष, वडा नं. ३
श्री महाविर खत्री, वडा अध्यक्ष, वडा नं. ४
श्री प्रेम बहादुर सारु, वडा अध्यक्ष, वडा नं. ५
श्री बलबहादुर खड्का, वडा अध्यक्ष, वडा नं. ६
श्री कर्ण बहादुर मिजार, वडा अध्यक्ष, वडा नं. ७
श्री पदमबहादुर खत्री, वडा अध्यक्ष, वडा नं. ८
श्री लक्ष्मन राना, वडा अध्यक्ष, वडा नं. ९
श्री मान बहादुर बुढा मगर, वडा अध्यक्ष, वडा नं. १०
श्री तीलकराम डाँगी, वडा अध्यक्ष, वडा नं. ११
श्री रमना दमाई, का.वा.वडा अध्यक्ष, वडा नं. १२
श्री टिकाराम सुवेदी, वडा अध्यक्ष, वडा नं. १३
श्री प्रतिक्षा विक - कार्यपालिका सदस्य
श्री खिमकुमारी राना - कार्यपालिका सदस्य
श्री मोतिसरा खत्री - कार्यपालिका सदस्य
श्री भुमीकला सुनार - कार्यपालिका सदस्य
श्री खिम बहादुर कामी - कार्यपालिका सदस्य
श्री शेर बहादुर कामी - कार्यपालिका सदस्य
श्री विष्णु खत्री - कार्यपालिका सदस्य
श्री कृष्ण प्रसाद खरेल, प्रमुख प्रशासकिय अधिकृत-सचिव
श्री मान बहादुर ठाडा, लेखाअधिकृत(सहयोगी)
श्री कुलबहादुर खड्का, प्रशासन, योजना तथा अनुगमन शाखा (सहयोगी)

Scanned by CamScanner

**प्रस्ताव नं. १ : निर्णय कार्यान्वयन सम्बन्धमा ।**

निर्णय नं. १ : अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेतको च.नं २४६८ मिति २०७५।०३।३१ गतेको पत्रानुसार यस नगरपालिकाबाट संचालन भएको सडक सोलारबत्ति जडानमा अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा छानविन हुँदा सोलार जडान कार्य सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१) र (१क) विपरित देखिएकोले अब उप्रान्त प्रचलित कानुनको अक्षरस: पालना गर्न गराउन अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा (१)को खण्ड (ख) बमोजिम यस नगरपालिकालाई सुझाव लेखी आएकाले प्रचलित कानूनको अक्षरस: पालना गर्ने/गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. २ : निर्णय कार्यान्वयन सम्बन्धमा ।**

निर्णय नं. २ : अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेतको च.नं २४६९ मिति २०७५।०३।३१ गतेको पत्रानुसार यस नगरपालिकाको नगर कार्यपालिकाको मिति २०७४।१२।२६ र २८ गतेको निर्णयबाट कर्मचारी नियुक्ती, ठेला व्यवस्थापन खर्च र झोलुंगे पुल निर्माणको जिम्मा दिने जस्ता विषयमा अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा छानविन हुँदा प्रचलित कानूनको प्रावधान विपरित नहुने गरी कार्य गर्न/गराउन आवश्यक व्यवस्था हुन अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा २८ उपदफा (१) खण्ड (ख) बमोजिम यस नगरपालिकामा लेखी आएको हुँदा प्रचलित कानूनको प्रावधान विपरित नहुने गरी कार्य गर्ने/गराउने निर्णय गरियो ।

**प्रस्ताव नं ३ : जानकारी सम्बन्धमा ।**

निर्णय नं. ३ : संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १५ मिति २०७५।४।१० गतेको पत्रानुसार सबै स्थानीय तहहरुलाई प्रतिवद्धता कार्यान्वयन सम्बन्धमा लेखी आएको हुँदा सो कुरा कार्यपालिका बैठकमा सबैलाई पढी जानकारी गराई हुबहु कार्यान्वयन गरी लागू गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ४ : जानकारी सम्बन्धमा ।**

निर्णय नं. ४ : उपरोक्त सम्बन्धमा जिल्ला प्रशासन कार्यालय सुर्खेतको च.नं. १४८४ मिति २०७५।५।२४ गतेको पत्रानुसार रामजानकी सामुदायिक वन क्षेत्रमा क्षेत्रीय ट्राफिक प्रहरी कार्यालय कोहलपुर बाँकेलाई २ विगाहा जग्गा दिने सम्बन्धमा उक्त सामुदायिक वन समूहको पत्रानुसार यस नगरपालिकामा सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति २०७१ बमोजिम उक्त जग्गा प्रकोप तथा जग्गा उद्धार व्यवस्थापनको लागि आवश्यक भए/नभएको सम्बन्धमा लेखी आएको तथा सोही कार्यालयको च.नं. १५०७ मिति २०७५।५।२५ गतेको पत्रानुसार क्षेत्रीय प्रहरी तालिम केन्द्र, नेपालगंज बाँकेलाई ६ नं. प्रदेशमा स्थानान्तरण गर्ने आर्दश सामुदायिक वन क्षेत्रमा रहेको ५० विगाह जग्गा दिने भनी उक्त सामुदायिक वन समूहको पत्रानुसार सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउ सम्बन्धी कार्यनीति २०७१ बमोजिम उक्त जग्गा प्रकोप तथा जग्गा उद्धार व्यवस्थापनको लागि आवश्यक भए/नभए सम्बन्धमासमेत लेखी आएकोमा उक्त विषयहरुलाई स्थानीय विपद् व्यवस्थापन समितिको बैठकमा आवश्यक निर्णय लागि राख्ने निर्णय गरियो ।

**प्रस्ताव नं ५ : दररेट स्वीकृती गर्ने सम्बन्धमा ।**

निर्णय नं. ५ : यस नगरपालिकाको आर्थिक बर्ष २०७५।०७६ सालका लागि स्थानीय स्तरको न्यूनतम दररेट निर्धा गर्नका लागि गठित समितिले तयार गरी पेश गरेको यस भेरीगंगा नगरपालिकाको न्यूनतम दररेटको ड्राफ्ट का व्यापक छलफल पेश भए बमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ६ : ढुंगा, गिट्टी, बालुवा, मिस्कट उत्खनन्, संकलन, निकासी र भण्डारण सम्बन्धि कार्ययोजना स्वी तथा बोलपत्र आह्वान गर्ने सम्बन्धमा ।**

**निर्णण नं. ६ :** उल्लेखित प्रस्ताव सम्बन्धमा व्यापक छलफल गर्दा ढुंगा, गिट्टी, बालुवा तथा मिस्कट उत्खनन ग र भण्डारण सम्बन्धि आ.व. २०७५।०७६ को कार्ययोजनाको पेश हुन आएको आगामी सभाबाट अनुमोदन आजको यस कार्यपालिकाको बैठकबाट स्वीकृती गर्ने निर्णय गरियो । साथै सो को लागि तत्काल प्रदेश स्वीकृती माग गरी ठेक्का बन्दोबस्ती सम्बन्धि सूचना प्रकाशन गर्ने निणय गरियो ।

**प्रस्ताव नं ७ : प्राविधिक कर्मचारी भर्ना सम्बन्धमा ।**

निर्णय नं. ७ : यस नगरपालिकाका रिक्त दरबन्दीमा नेपाल सरकारले स्थायी कर्मचारी नखटाउने बेलासम्म अतिआवश्यक पर्ने पदहरुमा आवश्यक प्रक्रिया पुरा गरी थालनी गर्न नगरपालिकालाई आवश्यक निर्देशन दि गरियो ।

**प्रस्ताव नं ८ : IEE र डिपीआर गर्ने सम्बन्धमा ।**

निर्णय नं. ८ : यस नगरपालिकाको वडा नं. १२ को हरितपार्क, बसपार्क, डुककोट, बराहडाँडा, हर्रे मनिरामक वडा नं. ५ को खेलमैदानको **IEE** र डिपीआर गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

**प्रस्ताव नं ९ : कृषि, पशु उपशाखा सेवा सम्बन्धमा**

निर्णय नं. ९ : यस नगरपालिकाका आवश्यक पर्ने कृषि तथा पशु उपशाखा संचालनका लागि आवश्यकता पहिचान गरी संचालनमा ल्याउन नगरपालिकालाई आवश्यक प्रक्रिया थालनी गर्न निर्देशन दिने निर्णय गरियो ।

**प्रस्ताव नं १० : खसी बोका निकासी सम्बन्धमा ।**

निर्णय नं. १० : यस नगरपालिकाबाट खसी बोका निकासी सम्बन्धमा प्रति गोटा रु ५० रुपैयाँ लिने गरी निर्णय गरियो ।

**प्रस्ताव नं ११ : नगरपालिका भित्रको जग्गा सम्बन्धमा ।**

निर्णय नं. ११ : यस नगरपालिका कार्यालय हाताभित्रको जग्गा टाउन प्लानिङ्ग गर्नका लागि नगरपालिकालाई आवश्यक निर्देशन दिने निर्णय गरियो ।

**प्रस्ताव नं. १२ : प्रहरी चौकी स्थापना सम्बन्धमा ।**

निर्णय नं. १२ : भेरीगंगा नगरपालिका वडा नं. २ मोहटी काल्पानी, वडा नं. ९ जहरे बजार, वडा नं. ८ मैनतडा, वडा नं. ३ डुंगीखोलामा स्थायी प्रहरी चौकी स्थापनाका लागि सम्बन्धित निकायमा पहल तथा पत्राचार गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १३ : दलितका लागि शिक्षा र सीप प्रस्ताब परियोजना सम्बन्धमा ।**

निर्णय नं. १३ :भेरीगंगा नगरपालिका स्तरिय दलितका लागि शिक्षा सीप र आय आर्जनका लागि परियोजना प्रस्ताब संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पेश गर्न प्रयोजनका लागि सिफारिश गर्ने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. १४ : Norms, Standards र Technical Specification को प्रयोग सम्बन्धमा ।

निर्णय नं. १४ : उल्लेखित प्रस्तावको सम्बन्धमा व्यापक छलफल हुँदा हाललाई यस भेरीगंगा नगरपालिकाले तोकेको मापदण्डलगायत साविककै विभाग, मन्त्रालय, निर्देशनालय तथा संस्थानहरुको स्वीकृत Norms, Standards र Technical Specification हरुको प्रयोग गर्ने निर्णय गरियो ।

Scanned by CamScanner